# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD

Mt. Everest 8848 m Nepal



**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 23 No 8 Monthly International Edition of Herald of His Coming August 2023

वर्ष २३, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०७९)

# जागृतिको लागि हृदयको पुकार

## (Heart Cry For Revival)

**BY Wesleyl Duewel (1916 – 2016)**

येशू ख्रीष्टको आगमनभन्दा पहिले के एकपटक जागृति आउन सक्ला ? यो विषयमा मलाई अलि शङ्का लागेको छ । यसको एउटा कारण के भने परमेश्वरले यी पछिल्ला दिनहरूमा मलाई विभिन्न देशहरूमा सेवा गर्ने मौका दिनुभएको छ, म जहाँ पनि जान्छु परमेश्वरका छोराछोरीहरू जागृतिको लागि तिर्खाएको पाएको छु । यस्तो स्वभाव मैले विभिन्न ठाउँहरूमा देखेको छु । म विश्वास गर्दछु कि पवित्र आत्माले नै मानिसहरूलाई पवित्र तिर्खा दिनुभएको छ । जसले मानिसहरूलाई परमेश्वरको अगाडि आँसु चुहाउँदै रुवाउँदै पश्चाताप गरेको, चिच्याएको मैले धेरै ठाउँमा देखेको छु । हो, हामी परमेश्वर आत्मामा मानिसहरूको बिचमा आउन आवश्यक छ । जब राष्ट्रहरूमा परमेश्वरको शक्तिशाली कामहरू प्रशस्त मात्रामा हुँदैनन्, अब मण्डलीमा जागृति आउनेछ ।

जब जागृतिको लागि साँचो वातावरण तयार हुन्छ, तब मण्डलीले परमेश्वरको अनुग्रहलाई राम्रोसँग अनुभव गर्दछ । ख्रीष्टले मण्डलीलाई एउटा कुशल सुन्दरी दुलही भएको चाहनुहुन्छ । त्यो मण्डली पवित्र आत्माले भरिएको र चाउरी नपरेको दागरहित र पवित्र हुनुपर्छ । मलाई यो कुरा राम्रोसँग थाहा छ कि येशूले एउटा पवित्र दुलही चाहनुहुन्छ । जागृतिले ख्रीष्टको साँचो दुलही हुनको लागि मद्दत गर्दछ । जागृतिले हामीलाई ख्रीष्टजस्तै हुन सहायता गर्छ ।

म यो कुरा विश्वास गर्दछु कि पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरले जागृतिको ठूलो चाहना राख्नुहुन्छ । म यो पनि विश्वास गर्दछु कि हाम्रो हृदय भोको हुनु भनेको परमेश्वरको इच्छाको एक सानो प्रतिबिम्ब हो ।

परमेश्वरले हाम्रो हृदयमा जागृतिको चाहना मात्र राख्नुभएको छैन तर इतिहासले गवाही दिएअनुसार परमेश्वरले जागृति पठाउनु हुन्छ । यशैयाको पुस्तकमा यसरी उल्लेख गरिएको छ, “आकाश फटाएर तपाईं तल आउनु भएर तपाईंको सामुन्ने पर्वतहरू कामेका भए त हुने थियो । आगोले झिँजामिजा डढाएर पानी उमालेझैँ, तपाईंका शत्रुहरूलाई आफ्नै नाउँ प्रकट गर्न, र जातिजातिहरू तपाईंको उपस्थितिमा कामुन् भनेर तपाईं तल आउनुभयो ।” (यशैया ६४:१-२)

यो पनि एउटा जागृतिको समय थियो जसले इस्राएललाई मानिसको पुत्रको जन्म नभएसम्म बाँच्नको लागि उत्प्रेरित गऱ्यो । दुष्टले यो राष्ट्रलाई आक्रमण गऱ्यो । मसिहाको आगमनलाई लम्बाउन खोजेको अवस्था हो यो । महोशापात र योशियाहको समयमा यो जागृति भएको थियो । जब तिनीहरू आहाज राजाकहाँ आइपुगे, यतिबेला एकदमै ढिलो भइसकेको थियो । सबै सिद्धिएको जस्तै लागेको थियो त्यसबेला । राजा माहाराजा यहोवा परमेश्वरको उपासना गर्नलाई नियन्त्रण गर्न निकै प्रयास गरे । उनले हरेर सहर गाउँको कुना कुनामा मूर्तिहरूलाई स्थापना गरे । बाइबलले भन्छ कि, उनले आखिरीमा मन्दिरमा आराधना गर्न बन्द गर्न र वेदीमा आगो निभाउन आदेश पनि दिए । यतिबेला

देशभरि नै मूर्तिपूजा व्यस्त भयो ।

तर दुई हप्तापछि परिस्थिति एकदमै बदलियो । जब दुष्टराजा आहाजको मृत्यु भयो त्यसको अर्को दिन हिजकिया र राजाले राज्यभार समाले र उनले मन्दिरको ढोका खोल्न र मन्दिरलाई सफा गर्न लेबीहरूलाई आदेश दिए । दुई सातासम्म तिनीहरूले सफा गरिरहे ।

जब तिनीहरू आए र हिजकियालाई खबर गरे "सबै सफा भयो" त्यसपछि उसैले राजाले आज्ञा दिए "भोलि बिहान पूजा सुरु हुन्छ ।" अगुवाहरू मन्दिरमा आएर परमेश्वरको आराधना सुरु गरे । परमेश्वरको फेरि प्रशंसा सुरु भयो, परमेश्वरको वेदीमा फेरि धुप बलियो । त्यो राष्ट्र फेरि एकपटक पूर्ण रूपमा फर्कियो ।

परमेश्वर जागृतिका परमेश्वर हुनुहुन्छ । इतिहासले गवाही दिन्छ कि उहाँले नै मानिसहरूको बिचमा जागृति पठाउनुहुन्छ । जोनबेस्ली र जर्ज ह्वाइट फिल्टरलाई उठाउनुभएको बेला बेलायतको अवस्थालाई विचार गर्नुहोस् त ! बेलायतको प्रधानमन्त्रीले खुलेयाम अनैतिकताको विरोध गरिरहेको थिए । केही कुलिन र धनाढ्य मानिसहरूले पिउन चाहेको रक्सिको विज्ञानपनमा कसरी कर लागेको थियो र त्यसको प्रभाव परिवार र छिमेकीमा पनि परेको थियो । यो समयमा पाप यति भ्रष्ट रूपमा बढेको थियो कि लण्डन, बर्मिंघम, म्यानचेस्टरभन्दा बाहिरका सहरहरूमा बस्न एकदमै असुरक्षित मानिन्थ्यो । मानिसहरू हतियार खुल्ला रूपमा नै लिएर यात्रा गर्दथे । ग्रामिण इलाकामा हतियार निर्माण केन्द्रहरू र प्रयोग गर्न प्रसस्तै ठाउँहरू थिए । यस्तो अवस्थामा परमेश्वरले आफ्ना शक्तिशाली योद्धाहरूलाई ल्याउनुभयो । परमेश्वरले ठीक समयमा बेस्ली, ह्वाइटफिल्ड र अरू परमेश्वरका जनहरूलाई उठाउनुभयो, बेलायत तिनीहरूद्वारा जागृतिमा परिणत भयो ।

**जागृतिका बाहकहरू**

परमेश्वरले जागृतिको निम्ति निश्चित व्यक्तिहरूलाई उठाउनुभएको छ, तिनीहरूलाई नै जागृतिका बाहकहरू भनिन्छ । मैले भन्दछु तिनीहरू नै जागृतिका बाहकहरू हुन् । के मानिसले जागृतिको भार बोक्न सक्दछ ? हो, ऊ आफैँले सक्दैन तर उसलाई कसैले प्रयोग गर्न सक्दछ । जसले परमेश्वरले बेलायतमा व्यक्तिहरूलाई प्रयोग गर्नुभयो ।

चार्ल जी. फिन्नी बेलायतमा जागृतिका संवाहकहरूमध्ये एक हुन् । हरेक वर्ष उनी विभिन्न ठाउँमा जान्थे र जागृतिको नेतृत्व समाल्थे । हरेक ठाउँ जहाँ उनी जान्थे त्यो ठाउँमा जागृति नआएसम्म उनी २, ३ महिनासम्म बसिरहन्थे । जागृतिको समयमा उनी आफूलाई आगोको बिचमा परेको जस्तै महसुस गर्दथे । उनीमाथि पवित्र आत्मा खन्याइएपछि आगोजस्तै भएको महसुस गर्दथे । उनी जहाँ-जहाँ जान्थे हरेक ठाउँमा फेरि पनि जागृतिको आगो बल्दथ्यो ।

यस्तै गरी जोनाथल गोफर्थ उत्तरी चीनमा एक महान् विश्वासी सेवक थिए । उनी र त्यही भएको बेलामा कसैले उनलाई एउटा पत्र पठायो जहाँ चार्ल्स फिन्नीले लेखेका पर्चालाई सँगै पठाइएको थियो । यो पत्र उनले पढेपछि उनले आफ्नी श्रीमतीलाई भने "यदि फिन्नीले लेखेको कुरा सही हो भने म त्यसलाई प्रमाणित गर्दछु ।" अर्को पटक कसैले उनलाई फिन्नीको जीवनीको जीवनीको प्रतिलिपि पठायो । त्यो पढेर जोनायन आफै आत्तिए ।

त्यतिबेला टोरन्टो क्यानडाली प्रेसपेटेरियन चर्चका विदेश मिसनरी सेवाका सचिव चीनमा आइपुगे र एकहप्ता समय बिताए । उनले गोफ्रर्थलाई यसो भने "मैले कोरियामा जागृतिका विवरणहरू सुनेको छु, म त्यहाँ गएर यो साँच्चीकै हो कि होइन भनी हेरेर जाँच्न सकूँ के तपाईं पनि मसँगै जानुहुन्छ ?" गोफर्थ हृदयदेखि नै तयार भए, त्यसैले आफै गएर परमेश्वरले गर्नुभएको कामलाई आफैले देखे । त्यसपछि जोनाथन गोफर्थ चीनमा फर्किए । पहिलो रात उनले कोरियामा भएको रहेछ भन्न लगाइयो । जब उनले सम्पूर्ण विवरण प्रस्तुत गर्दै थिए त्यति बेला नै चीनमा पनि जागृति आयो । गोफर्थ चीनको विभिन्न गाउँहरू गए, स्टेसनहरूमा घुमे जहाँ जहाँ उनि गए त्यही त्यही जागृतिको आगो नै सल्कियो ।

**जागृतिको लागि परमेश्वरको प्रकृति**

परमेश्वरले जागृति पठाउने मात्र होइन, जागृति गर्नु उहाँको स्वभाव हो । परमेश्वर दयालु हुनुहुन्छ । हाम्रा परमेश्वर त्यस्ता परमेश्वर हुनुहुन्छ जसले मानिसहरूको बिचमा आफ्नो आत्मा खन्याउनु हुन्छ । परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुरा विश्वास गर्न हामीसँग प्रशस्तै बाइबलीय प्रमाणहरू छन् । परमेश्वरले हाम्रो बिचमा एकदमै उत्सुकताका साथ जागृति पठाउन उहाँ सक्षम हुनुहुन्छ । इतिहास भरिनै यो कुरा देख्न सकिन्छ कि जागृति लागि परमेश्वरले नै भोक र प्यास दिनुहुन्छ । जागृति आउँदा यो आगोको रूपमा व्यापक मात्रामै आउँछ ।

परमेश्वरले आज पनि त्यस्तै काम गर्न चाहनुहुन्छ । पक्कै पनि येशूले शुद्ध र पवित्र भएको दुलहीलाई प्रतिक्षा गर्नुभएको

छ । आज मण्डली निष्कङ्लक र उहाँको मतियारले चमकिएको हुनुपर्दछ । परमेश्वरले हाम्रो बिचमा पवित्र आत्माको काम गर्न चाहनुहुन्छ त्यो विचार उहाँले सबै जनालाई बाँड्न चाहनुहुन्छ । परमेश्वरका सन्तानहरूले जागृतिलाई साहस साथ पक्रिराख्नु पर्दछ । यदी हामी परमेश्वरको नजिक हिँडिरहेका छौँ र जागृतिको लागि प्रार्थनासहित बोझ बोकिरहेका छौँ भने कतिपटक हाम्रो बिचमा आउने विलापहरू, सुस्केराहरू स्वतः देखिन सक्दछ । यस्ता विलापहरू कहाँबाट आउँदछन् ? यी हामीबाट होइन तर परमेश्वरबाटै आउँदछन् । जब हामी परमेश्वरको नजिक जान्छौँ तब उहँको इच्छा हाम्रो जीवनमा के वा उहाँको चाहन सजिलै महसुस गर्न सक्छौं ।

के तपाईलाई थाहा छ चेलाहरूको विश्वासको कमीले येशू कति पटक निराश हुनुभयो ? ओ ! हाम्रो पनि विश्वासको कमीको कारणले उहाँको मन दुखित नहोस् । उहाँको शक्तिलाई हामीले नरोकौं आज पनि परमेश्वरले आफ्नो उपस्थिति हाम्रो माझमा ल्याउन चाहनुहुन्छ त्यसको लागि हामीसँग महान् विश्वासको आवश्यकता पर्दछ । हामीले उहाँका प्रतिज्ञाहरू हाम्रो लागि दिनुभएको हो भनी विश्वास गर्न सकौं । उहाँले अझै पनि मण्डलीलाई बिताउन चाहनुहुन्छ र आत्माको बहाबद्वारा नयाँ तरिकाले आशीर्वाद दिन चाहनुहुन्छ ।

**जागृति परमेश्वरको हृदयको पुकार हो**

म यो कुरा पूर्ण रूपले विश्वास गर्दछु कि जागृति परमेश्वरको हृदयमा उब्जिने कुरा हो । म यो पनि विश्वास गर्दछु कि परमेश्वर दयालु हुनुहुन्छ । परमेश्वरको करुणा धेरै महान् छ । म यो पनि विश्वास गर्दछु कि परमेश्वरले मण्डलीका धेरै अधुरा कामहरू गर्न चाहनुहुन्छ । ती सन्देह; खीष्टले छिटो छिटो काम गर्न सक्नुहुन्छ । जागृति केही हप्ताको लागि हुन सक्दछ । यदि लामो समयसम्म रह्यो भने डेढ वर्षसम्म रहेको अनुभव हामीसँग छ । यस्तो जागृति चालिस वर्ष पहिलेदेखि भएको छैन ।

उहाँ जागृतिमा मानिसहरूको बिचमा आउँदा कुन कुराले प्रमुख पार्न सक्छ ?

१८५८/५९ मा मण्डलीमा जागृति आउँदा यर्मियाको पुस्तकमा आएको जागृतिजस्तै भएको हामी देख्न सक्दछौं । यो घटना न्यूयोर्क सहरमा भएको थियो जहाँ धेरै मण्डलीहरू बिउँझिए । यहाँ एक जना मानिस जसको नाम यर्मिया ल्याम्फियर थियो उनले न्यूयोर्कमा राँको बाले । उनले ठूला प्रार्थना सभाहरू सुरु गरे, त्यो आगो पछि गएर अमेरिकाभरि नै फैलिएको थियो । यो केही महिनासम्म जल्दै रह्यो ।

त्यतिबेला वाशिङ्टन डि.सी.मा भएको सभामा अमेरिकाका राष्ट्रपतिले दिनहुँ भाग लिए । केही महिनासम्म बलेको त्यो जागृति अमेरिकाभरि १०,००० भन्दा बढी सहरहरूमा फैलिएको थियो । व्यापारीहरू आफ्नो व्यापार बन्द गरेर प्रार्थना सभाहरूमा भाग लिए । कति कम्पनीहरूमा त "यो व्यापार प्रार्थना सभासम्मको लागि बन्द" भनेर सूचनाहरू टाँगिएको थियो । यो सभाहरूमा प्रचार कसले गऱ्यो ? वास्तवमा तिनीहरूसँग प्रचार गर्ने समय नै थिएन । तिनीहरूले प्रार्थना मात्र गर्दथे । बिच बिचमा भजन गाउन सक्दथे । त्यसपछि मानिसहरू उठेर प्रार्थना गर्दथे । तिनीहरूले फेरि फेरि अन्तरबिन्ती गरिरहन्थे । बिहानदेखि नै प्रार्थना गरेर तिनीहरू एक बजेतिर मात्र आआफ्नो कामतिर लाग्दथे । त्यो ठाउँमा पवित्र आत्माको काम आन्दोलनकै रूपमा बर्सिन्थ्यो । संयुक्त राज्य अमेरिकाको पूर्वी भागमा जागृतिको आगोले छाताकै रूपमा काम गरेको थियो र सबै शहरहरूलाई ढाकेको थियो ।

यदि हामीले परमेश्वरको हृदयलाई साँच्चिकै चिन्यौं भने उहाँको जागृति दिने हृदयलाई चिन्न सकिन्छ । उहाँ आफ्नो जागृतिद्वारा हरेक मानिसकहाँ आउन चाहनुहुन्छ । उहाँ मण्डली समिति, संघ, संस्था आयोगहरूमा आउन चाहनुहुन्छ । उहाँ त्यसको प्रमुख हुनुहुन्छ । उहाँले आफ्नो महिमा त्यहाँ देखाएर सबैजनालाई जागृत पार्न चाहनुहुन्छ ।

ओ ! यो जागृतिमा परमेश्वर तल आउनु हुनेछ यशैयाले कसरी प्रार्थना गरेका थिए त्यस्तै हुनेछ । हामीले दाऊदलाई हेऱ्यौं भने उति नै पहिलो व्यक्ति थिए जसले जागृतिको आउनको लागि प्रार्थना होस् र तल आउनुहोस् पहाडहरूलाई हुनुहोस् र तीबाट धुँवा निस्किआओस् ।" (भजनसंग्रह १४४:५)

हे प्रभु, हाम्रो जीवनमा आउनुहोस् । तपाईं तल आउनुहोस् हामी सामान्य इसाइ जीवनबाट सन्तुष्ट हुदैनौं । उहाँको मण्डलीमा उहाँको उपस्थिति आउन सक्दछ । यशैयाले कसरी प्रार्थना गरेका थिए तपाईंलाई थाहा होला ।

"आकाश फटाएर तपाईं तल आउनुभए र तपाईंको सामुन्ने पर्वतहरू कामेका भए त हुने थियो । आगोले झिँजामिजा डढाएर र पानी उमाले झैं तपाईंका शत्रुहरूलाई आफ्नो नाउँ प्रकट गर्नु र जाति-जातिहरू तपाईंको उपस्थितिमा कामून् भनेर तपाईं तल

आउनुहोस् । जब तपाईंले भयानक काम गर्नु भयो, जो हामीले चिताएकै थिएनौं, तब तपाईं तल आउनुहोस् र पर्वतहरू तपाईंको उपस्थितिमा कामे । उहाँको बाटो हेर्नेहरूका निम्ति काम गर्नुहुने तपाईंबाहेक अरू कोही परमेश्वर छ भनी प्राचीनकालदेखि नै कहिल्यै सुनेको छैन, न त कानले सुनेको छ, त आँखाले देखेको छ । जसले खुसीसित ठिक काम गर्छ, र जसले तपाईंको बाटो स्मरण गर्छ, तिनीहरूको सहायता गर्न तपाईं आउनुहुन्छ । तर जब हामीले तिनीहरूका विरुद्धमा पाप गर्दैरह्यौं तब तपाईं रिसाउनुभयो । कसरी हामीहरू बचाउन सक्छौं र ? (यशैया ६४ : १ - ५)

परमेश्वरले फेरि पनि यस्तै गर्न चाहनुहुन्छ । यो हामीले गर्न सक्ने काम होइन, यो त परमेश्वरले दिने काम हो । हामीसँग दिनु हुने दयालु परमेश्वर हुनुहुन्छ । जसले हामीलाई जागृत गर्न मन पराउनु हुन्छ । हाम्रो बिचमा उहाँको मण्डलीलाई प्रेम गर्न परमेश्वर हुनुहुन्छ । हाम्रा परमेश्वरले जागृतिलाई मन पराउनु हुन्छ ।

ओ ! परमेश्वर हाम्रो बिचमा जागृति गर्न उत्साहित हुनुहुन्छ । उहाँले मण्डलीको बिचमा जीवन पठाउनु हुन्छ ।

के तपाईं जागृतिको लागि मध्यस्थकर्ता हुन सक्नुहुन्छ ? मलाई यो विश्वास छ कि परमेश्वरले आफ्नो अनुग्रहद्वारा हामीलाई पर्खिरहनुभएको छ । परमेश्वरले हामी एक एकलाई, मण्डलीलाई, समाज तथा राष्ट्रलाई जागृति पठाऊन् ।

१९८८ मा जागृतिको लागि हृदयको पुकार सम्मेलनमा प्रचार गरिएको प्रवचन सम्पादन गरिएको - सम्पादक

# अनुग्रहको शक्ति
## (The Power of Grace)

**By Otto Stockmayer (1838 – 1917)**

"किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ । जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ । र, हाम्रो धन्यको आशा-हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू खीष्टका महिमाको आगमनको हामी प्रतिक्षा गर्दछौं । खीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो ।" (तीतस २ : ११ - १४)

खीष्टले हामीलाई छुटकरामा ल्याउनुभयो । "सबै मानिसहरूका लागि मुक्तिमा ल्याउँदै" परमेश्वरले हामीलाई हाम्रा पुराना काम वासना तथा अरू नराम्रा कुराहरूबाट आफ्नो रगत बगाई हामीलाई बाहिर तानेर ल्याउनुभयो । जसले हामीलाई संसारदेखि फरक बनाउँछ । परमेश्वरको प्रेमले हामीलाई हाम्रा सम्पूर्ण पाप र अपराधबाट छुटकरा दिन्छ । उहाँको अनुग्रहमा हामी उहाँसँग बाँच्न सक्दछौं । उहाँको अनुग्रहबाट नै हामीले उहाँको दोस्रो आगमनको प्रतीक्षा गर्न सक्छौं । यस पतित संसारमा हामी बाँचिरहेको बेलामा त्यतिबेला हामी हराइरहेका थियौं । त्यसै बेला परमेश्वर यस संसारमा आउनुभयो र हाम्रो मरणशील शरीरलाई संसारको कैदी जीवनबाट बाहिर निकाल्नु भयो । यो विशाल संसारमा उकुसमुकुस भएर सासै फेर्न गाह्रो भएको बेला उहाँले हामीलाई अनुग्रहको हातले पक्रिनु भयो र बाहिर निकाल्नु भयो ।

यहाँनेर हामीसँग एउटा आशाको प्रश्न उठ्न सक्दछ । यदि हामी खीष्टको अनुग्रहले संसारका प्रलोभनबाट बाहिर निकालियौं भने, हाम्रा मुक्तिदातासँग राम्रो सम्बन्ध राख्यौं भने किन हाम्रो बिचमा समस्याहरू आइपर्दछत् त ? उहाँको अनुग्रह प्रसस्त भए तापनि हामी हाम्रा आँखाहरू अन्त कतै लगाएका हुन सक्दछौं । हाम्रो विश्वासले परमेश्वरतिर हामीलाई तान्दछ । हामीलाई संसारबाट छुटकरा दिन उहाँ आतुर हुनुहुन्छ र हामी उहाँलाई कति खोज्दछौं त्यो भन्दा बढ्ता उहाँले हामीलाई पर्खनु हुन्छ र खोज्नुहुन्छ । "यसकारण हे प्रिय हो, हामीसित यो प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं र परमेश्वरको भयमा पवित्रतालाई सिद्धान्ततर्फ बढाउँदै जाऔं ।" (२ कोरिन्थी ७ : १)

... तिमीले अनुग्रहको शक्तिको बारेमा सुनेका छौं, ठिक छ, त्यसो भए त्यसैमा विश्वास राख्नुहोस् । अनुग्रहले मानिसलाई बचाउँछ त्यसमा हामीले विश्वास गर्नु पर्छ । अनुग्रहले हामीलाई बनाउँछ र हामी त्यसैमा समर्पण गर्नुपर्दछ । पहिलेको अज्ञानताले हामीलाई यसरी लामो समयसम्म बाधेर राखेको थियो तर अनुग्रहले मात्र त्यो जुवाबाट फुकाल्ने बाहिर ल्याउँछ । हुन त हामीलाई यो कुरा पहिले थाहा पनि थिएन । अनुग्रहले परमेश्वरले दिनुभएको सित्तैको वरदान हो । आमिन् ।

# आध्यात्मिक जीवन र शक्तिको बहाव

## (The Overflow of the Spiritual Life and Power)

**By Rich Carmicheal**

यो लेख जागृतिको समयमा प्रार्थानाको शक्ति र आशाको बारेमा केन्द्रित भएको छ । म पूर्ण रूपमा आशा गर्दछु कि यो लेखबाट तपाईले आशिष प्राप्त गर्नु हुनेछ । हामीले यो अंक तयार ी गरिरहँदा धेरै चुनौतीहरूको सामना पनि गर्नु परेको छ ।

यो लेखको अति नै महत्वपूर्ण माग भनेको हाम्रो वरिपरिको संसारलाई परि वर्तन गर्नको लागि परमेश्वरले हामीलाई आत्माको शक्तिले भर्न चाहनुहुन्छ । उहाँले हामीलाई आत्मिक उहाँकै रूपमा शक्ति दिन चाहनुहुन्छ जसले गर्दा हामीले अरूहरूलाई पनि प्रभाव पार्न सकौं । ठूलो जाति बनाउनेछु, म तिमीलाई आशिष दिनेछु र तिम्रो नाउँ प्रसिद्ध तुल्याउने छु । अनि तिमी आशिषको मूल हुनेछौं । तिमीद्वारा नै संसारका विभिन्न मानिसहरूले आशिष प्राप्त गर्न सक्नेछन् । (उत्पत्ति १२ : २ - ३) यस्तै गरी येशूले पनि आफ्ना प्रारम्भिक चेलाहरूलाई भन्नुभयो "जब पवित्र आत्मा तिमीहरूको बिचमा आउनु हुनेछ तिमीहरूले शक्ति प्राप्त गर्नेछौ र तिमीहरू यरुशलेममा सारा यहुदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो गवाही हुनेछौ ।" (प्रेरित १:८)

येशूले पनि पवित्र आत्मा भरिनु परेको विषयमा एउटा असल उदाहरण दिनुभएको छ, विचार गर्नुहोस् त उहाँ आफै पनि पवित्र आत्माको शक्तिद्वारा भरिनुभएको थियो । (लूका ३ : २२, ४ : १, १४ प्रेरित १० : ३८) उहाँको सेवकाईको सुरुमै यशैयाको पुस्तकबाट घोषणा गरिएको थियो "पर मप्रभुको आत्मा म माथि छ, किनभने उहाँले मलाई गरिबहरूलाई सुसमाचार प्रचार गर्न अभिषेक गर्नुभएको छ । उहाँले मलाई टुटेको हृदयलाई निको पार्न बन्दीहरूलाई स्वतन्त्रताको घोषणा गर्न र अन्धकारहरूलाई पुनः दृष्टि प्राप्त गर्न उत्पिडनमा पर ेकाहरूलाई स्वतन्त्र दिन परमप्रभुको ग्रहण योग्य वर्ष घोषणा गर्न ।" (यशैया ६१:१-२) लूका ४:१८-१९) मानिसहरूलाई निको पार्न, बन्धनमा भएकाहरूलाई छुटकरा पार्न येशूसँग पवित्र आत्मा हुनुहुन्थ्यो भन्ने कुर ा उहाँलाई राम्रोसँग थाहा थियो । उहाँको जीवनमा भएको आत्माले शक्ति अरू चेलाहरूको जीवनमा पर्ना प्रवाहित भएको कुरा हामी देख्न सक्दछौं ।

### नुन र ज्योति

येशूले हामीहरूलाई "तिमीहरू यस संसारको लागि नुन र ज्योति हौ" भनी बताउनुभयो (मत्ती ५:१३-१६) संसारलाई नुन र ज्योतिको एकदमै खाँचो छ भन्ने विषयमा कुनै शंका छैन । त्यो आत्माको शक्तिले मात्र सम्भव भएको कारणले हामीलाई तिमीहरू यस संसारको नुन र ज्योति भनेको हुनुपर्दछ । अल ष्टिटिगाहिलले यसरी भनेका छन् "अमेरि कामा आत्मा भरिएका मण्डलीको अति नै अपाचकता छ ।" विसन्देह, यो संसार भरिका अरू देशहरूको लागि पनि उत्तिकै आवश्यकताको कुरा हो । उनले अझै अगाडि यसरी थप्दछन्, "संसारले नयाँ करारको मण्डलीलाई हेरिरहेको छ र पर्खिरहेको छ, माथिको आत्मा मारिएका र जागृतिको आत्मा अनुभव गरी प्रभुको उपस्थितिमा आनन्दले भरिएका मानिसहरूको खाँचो यस संसारलाई छ । अरू कुनै कुराहरूले पनि संसारलाई प्रयत्न पार्न सक्दैन । येशू खीष्ट नै अद्भुतका परमेश्वर हुनुहुन्छ भनी बाइबलले भन्दछ । हाम्रो मण्डलीमा जागृति भएकै हुनुपर्दछ ।"

### "रूपान्तरण गर्ने शक्ति"

यसले थेस्सलोनिकीमा पावल, शिलास र तिमोथीको सेवाकाईलाई सम्झना दिलाउँछ । तिनीहरू त्यो सहर मा पहिलो पटक आइपुगेका थिए । त्यहाँका मानिसहरू मूर्तिपूजामा फसेका थिए । तर पनि केही समयको लागि भए पनि ती मानिसहरू "जीवित परमेश्वर तिर उहाँलाई सेवा गर्न फर्केका थिए ..।" (१ थेसलोनिकी १:९-१०) त्यस

ठाउँमा उनीहरूले आत्मिक सफलता प्राप्त गर्नुको मुख्य कारण के होला ? उनी यसरी अगाडि भन्दछन् "किनभने हाम्रो सुसमाचार तिमीहरूकहाँ वचनमा मात्र आएन, तर शक्ति र पवित्र आत्मामा, अनि सम्पूर्ण निश्चयता साथ आएको हो, तिमीहरूका माझमा हुँदा तिमीहरूकै खातिर हामीकस्ता किसिमका मानिस थियौँ तिमीहरू जान्दछौँ ।" (१ थेसलोनिकी १:५)

अर्को शब्दमा भन्ने हो भने थेसलोनिकीका मानिसहरूले परमेश्वर को वचन, परमेश्वरको शक्ति, परमेश्वर को आख्यानले पावल, शिलास र तिमोथीलाई भेटेका थिए । त्यो भेटघाट यति गहिरो भयो कि तिनीहरूले बोलेका वचनले थेसलोनिकीका मानिसहरूले आफ्नो जीवन परमेश्वरलाई दिए किनभने तिनीहरूले भनेको तिनीहरूले पत्याए । थेसलोनिकीका मानिसहरूको जीवनमै साक्षी बनेको छ । तिनीहरूको गवाही यस्तो छ -

"यहाँसम्म कि मेकोडनिया र अखैयामा सबै विस्वासीहरूका माझमा तिमीहरू नमुना बन्यौ । किनकि तिमीहरूद्वारा परमेश्वरको वचन केवल मेकेडो विचार अखैयामा प्रचार गरिएको होइन तर परमेश्वर माथिका तिमीहरूको विश्वास प्रत्येक स्थानमा फैलिएको छ, र हामीलाई अरू केही भन्नु आवश्यक छैन ।" (पद ७-८)

यदि मण्डलीले जागृतिको अनुभव गरेको छ र उच्चबाट आएको शक्तिले पोसाक लगाएको छ भने परमेश्वरको उपस्थितिको आनन्दले त्यो भरिएको छ । त्यसो हो भने अब हाम्रो दिनमा के हुनेछ नि ? यदि हामीहरू माथिपाटको शक्तिले भरिएका छौँ भने पावल र उनका साथीहरूले जस्तै हराएकालाई खोज्ने थियौँ र तिनीहरूलाई हेरचाह गरी साँचो सुसमाचार प्रचार गर्ने थियौँ । "आफ्ना बालकहरूलाई स्याहार्ने धाईआमा झैँ तिमीहरूका बिचमा हामी कोमल भयौँ ।" (१ थेसलोनिकी २:७) माथिबाटको शक्तिले मात्र मानिसलाई कोमल बनाउँदछ ।

ठिक छ ! हामीले जागृतिको इतिहासबाट यो कुरा थाहा पाउन सक्दछौँ कि परमेश्वरकाजनहरू जब एक मन भएर उपस्थित हुन्छन् त्यहाँ परमेश्वरले आफ्नो शक्ति र प्रेम पठाउनुहुन्छ । जसले गर्दा तिमीहरूले अरूहरूको जीवनमा गहिरो प्रभाव पार्दछौँ ।

वेस्ली डुयूवेलले "जागृतिको लागि हृदयको चिच्चाहट" मा यसरी लेखेका छन् "जब जागृति आउँछ तब विश्वासीहरू बिउँतिन्छन् र ख्रीष्टजस्तै बन्छन्, यसको साथै सुसमाचार कहिलै सुन्न नपाएका मानिसहरूले पनि आफ्नो हृदयलाई खोल्दछन् । तिनीहरूले पनि परमेश्वरको अनुग्रह र मुक्तिलाई ग्रहण गर्नेछन् ।" यो समयमा जागृतिले काम गर्दछ, जागृतिको समय छोटो नै किन नहोस् यो त आगो जस्तै सल्किदै जान्छ जुन आगो धेरै वर्षसम्म मानिसहरूको बिचमा आएकै थिएन । त्यो ठाउँमा हामीले ईश्वरिय अलौकिक चिन्हहरू देख्न सकिन्छ ।

**परमेश्वरलाई खोज्नुहोस् र पापलाई पन्छ्याउनुहोस्**

हामीले यो अंकमा विभिन्न प्रकार का गवाहीहरू पनि समावेश गर्ने विचार गरेका छौँ, जसको जीवनमा जागृतिको महान् परिवर्तन ल्याएको छ । तिनीहरूले जागृति भएको महसुस गरेका थिए तर त्यसले ठुलो परिवर्तन भने ल्याउन सकेको थिएन । जब अरू विश्वासीहरूको जागृतिको अनुभव गरे तब तिनीहरूले पनि आफ्नै आँखाले त्यसलाई देख्ने मौका पाए । त्यसबाट उनीहरूले आफ्ना कमजोरीहरू पनि देख्न सके । परमेश्वर को वचनले भन्दछ, "आफ्नो निम्ति धार्मिकताको बीउ रोप, र अचुक प्रेमको कटनी गर । तिमीहरूले बाँजो बारी जोत । किनकि परमप्रभुलाई खोज्ने समय अहिले हो, जबसम्म उहाँ आएर तिमीहरूमाथि धार्मिकताको वृष्टि खन्याउनु हुन्छ ।" (होसे १०:१२)

सेवकहरूले आफ्नो जीवनमा आउने पापहरूलाई गहिरो गरी खनेर निकाल्नुपर्दछ र त्यसलाई फेरि ठाउँ दिनु हुँदैन । हरेक व्यक्तिले परमेश्वरको शक्ति र प्रेमलाई अनुभव गर्दै आफ्ना कमजोर ीहरूलाई इन्कार गर्नुपर्छ । परमेश्वर विश्वास योग्य र दयालु भएका कारणले उहाँ हाम्रो पापहरू क्षमा दिन आतुर हुनुहुन्छ जसले गर्दा हाम्रो जीवनमै परि वर्तन हुन्छ । संसारभरि हरेक मानिसले

**नियमित बाइबल पढ्ने बानी बसालौँ**

परमेश्वरको उपस्थितिलाई महसुस गर्न चाहन्छन् । धेरैले गरेका पनि छन्, हामी यो लगातार भएको चाहन्छौं भने पापसँग कसरी व्यवहार गर्ने हो जान्नु पर्दछ र परमेश्वरको अनुग्रहलाई खोजिरहनुपर्दछ । तपाईं र मेरो जीवन जसरी परिवर्तन भयो नि परमेश्वरले त्यसरीले अरूहरूको जीवन परिवर्तन पनि चाहनुहुन्छ । यी परमेश्वरका बहुमूल्य प्रतिज्ञाहरूलाई विचार गरौं -

"यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ र मलाई खोजेर आफ्नो दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूको पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ पार्नेछु ।" (२ इतिहास ७ : १४)

"किनभने जुन योजनाहरू मैले तिनीहरूका निम्ति बनाएको छ, ती म जान्दछु" परमप्रभु भन्नुहुन्छ ती तिमीहरूका उन्नतिको निम्ति हुन् नोक्सानीको निम्ति होइनन् तिमीहरूलाई आशा र भविष्य दिनलाई । तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रर्थना गर्नेछौ, र म तिमीहरूको प्रर्थाना म ध्यानसित सुन्नेछु । जब तिमीहरूले आफ्नो सारा हृदयले खोज्नेछौ तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।" (यर्मिया २९:११ - १३, व्यवस्था ४:२९-३१)

जब हामी पापबाट पूर्णतया टाढा भएर प्रभुतिर फर्कन्छौं उहाँले हाम्रो जीवनलाई उहाँको शक्तिले भरिदिनु हुनेछ । जसले गर्दा हामीले धेरैलाई प्रभुत्व पार्न सकौं र यो सबै उहाँको महिमाको लागि हुन सकोस् । आमिन् ।

# जागृतिको लागि स्वीकृति

## (Prescription for Revival)

**– BY Otto Stockmayer**

म तपाईंहरूलाई जागृति आउने स्वीकृतिहरू दिन चाहन्छु । जसले मण्डली, समुदाय वा पृथ्वीको कुनै पनि शहरमा जागृति आउनेछ ।

R.A. Torrey मा स्वीकृतिअनुसार जागृतिका तीन आधारभूत आवश्यकताहरू समावेश गरिएका छन् ।

पहिलो, विश्वासीहरूसँग परमेश्वर को राम्रो सम्बन्ध हुनपर्छ । यो नै जागृतिको पहिलो आवश्यकता हो ।

दोस्रो, परमेश्वरले स्वर्गका झ्यालहरू खोलेर तल नआउन्जेल उहाँसँग जागृतिको लागि प्रार्थना गर्नु ।

तेस्रो, आफूलाई परमेश्वरले उपयोग गर्नुहोस् भनी उहाँको अधिकारमा छाडिदिनु । जसले गर्दा तिनीहरूलाई खीष्टमा जित्न एकदमै सजिलो हुनेछ ।

मैले संसारभरि जागृति होस् भनी यी तीनवटा अत्यावश्यक स्वीकृतिहरू यहाँहरूको बिचमा राखे जसलाई क्रमैसँग प्रयोगमा ल्याउँदा आजसम्म कुनै पनि जागृति असफल भएको छैन । र, यी तीन तरिका अपनायौं भने जागृति असफल हुनै सक्दैन ।

आउनुहोस्, यो पहिलो सर्तलाई एकपटक फेरि पढौं । "विश्वासीहरूसँग परमेश्वरको राम्रो सम्बन्ध हुनुपर्छ ।" पापीहरूले क्षमा पाएको, खीष्टलाई मुक्तिदाता भनी ग्रहण गरेको मात्र होइन, तर साथी र सन्तहरूको रूपमा उहाँलाई नजिकबाट हेर्न सक्नु पर्दछ । यसको अर्थ कसैको विरुद्धमा कहिलै रिस नराख्ने सात गुणा सत्तरीसम्म क्षमा दिने भन्ने लाग्दछ । यसको अझै गहिरो अर्थ सधैं सत्य बोल्ने, रिसलाई आफूभित्र प्रवेश गर्न बाटो नदिइकनै धार्मिक क्रोधको अनुभव गर्ने वा हामी क्रोधित हुँदा दुष्टलाई कुनै काम गर्न नदिनू भन्ने लाग्दछ । यसको अझै गहिरो अर्थ अरूको सम्पत्तिमा आँखा नलगाउने, नचोर्ने र अरूको पछाडि कुरा काट्ने भन्ने हुन्छ । यी कुराहरूले जागृतिको बाटो खोल्दछ । राम्रो बोलीलाई सुधार्नसक्नु पर्दछ, बोली परमेश्वरको विरुद्धमा र दुष्टहरूको सङ्गतमा कहिलै हाम्रा ओठहरू चलाउन हुँदैन । हामीले तितोपना, क्रोध, कोलाहल, द्वेष, कुवाच्य, बोलेर परमेश्वरको वास गर्ने आत्मालाई सन्ताप दिनुहुँदैन ।

यी कुराहरूले विपरीत दयालु, हृदयको कोमलता, क्षमा गर्ने फेरि पनि खीष्टको खातिर क्षमा गर्न हुनुपर्दछ । हामीले अरूहरूलाई त्यसरी नै क्षमा गर्नुपर्दछ जसरी खीष्टले हामीलाई क्षमा दिनुभयो । (एफिसी ४:२५-३२)

परमेश्वरको वचनले भन्दछ "प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिएन भने परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ । हामी जे माग्छौं, सो उहाँबाट पाउँछौ । किनभने हामी उहाँका आज्ञा पालन गर्दछौं र उहाँलाई मनपर्ने कामहरू गर्दछौं । (१ यूहन्ना ३ : २१ - २२)

**BOOKPOST**

# पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 01- 4982442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Mrs. Shanti Poudel**

**Editor: Mr. Nava Raj Panta**

**website: www.heraldofhiscoming.org**